# हड्डीको स्क्यान

## Bone Scan

A bone scan is a test to check for bone problems or diseases. A very small amount of radioactive medicine, called tracer or contrast, is used to show your bones in more detail than your doctor would see from x-rays.

This test has 2 parts. **Arrive on time for each part of the test.**

Arrive for the first part of the test at _____ am / pm on __________________.

Staff will tell you when to come back to the testing area for the second part of the test.

**If you have any allergies** to medicines, foods or other things, tell the staff before the test.

**If you are breastfeeding, pregnant or think you might be**, tell the staff before the test.

हड्डीको स्क्यान हड्डीका समस्या वा रोगहरूको जाँच गर्न गरिने परीक्षण हो। तपाईंका डक्टरलाई एक्स-रे-मा देख्न सकिनेभन्दा बढी विस्तारमा तपाईंका हड्डीहरूको जाँच गर्न ट्रेसर वा कन्ट्रास्ट नामक रेडियोएक्टिभ औषधिको थोरै मात्राको प्रयोग गरिन्छ।

यस परीक्षणका 2 भाग छन्। **परीक्षणको हरेक भागका लागि समयमा आइपुग्नुहोस्।**

परीक्षणको पहिलो भागका लागि _____________ का दिन विहान/बेलुका ____ बजे आइपुग्नुहोस्।

परीक्षणको दोस्रो भागकालागि टेस्टिङ्ग एरियामा कहिले फर्कने हो भनी स्टाफले तपाईंलाई बताउने छ।

औषधि, खाना वा अन्य चिजहरूबाट **यदि तपाईंलाई कुनै एलर्जी छ भने** परीक्षणपूर्व स्टाफलाई जानकारी दिनुहोस्।

**यदि तपाईं स्तनपान गराउँदै हुनुहुन्छ, गर्भवती हुनुहुन्छ वा सम्भावना रहेको सोच्नहुन्छ भने**, परीक्षणपूर्व स्टाफलाई जानकारी दिनुहोस्।

### To Prepare

- Do not take any medicine with bismuth, such as Pepto-Bismol, for 4 days before this test.
- You should not have any x-ray tests using barium for 4 days before your bone scan.
- Remove any jewelry, piercings or other metal objects before your test.
- You may be asked to change into a hospital gown.

### तयार गर्नको लागि

- परीक्षणभन्दा 4 दिन अघिदेखि बिसमुथ (bismuth) युक्त कुनै औषधि जस्तै पेप्टो-बिस्मोल (Pepto-Bismol) को सेवन नगर्नुहोस्।
- तपाईंको हड्डीको स्क्यान गरिनुभन्दा 4 दिन अघिदेखि बेरियम (barium) को प्रयोग गरिने कुनै एक्स-रे गराउनु हुँदैन।
- परीक्षणपूर्व कुनैपनि गर-गहना, कुण्डल वा अन्य धातुका वस्तुहरू फुकाल्नुहोस्।
- तपाईंलाई अस्पतालको गाउन पहिरनका लागि दिइन सकिन्छ।

## During the Test

**Part 1:**

An IV (intravenous) is put in a vein in your arm. The tracer is put into your IV. Based on the reason for your test, you may have a scan done soon after getting the tracer, or you may wait for about 3 hours before the scan is done.

You lie on a table during the scan, and it will take about an hour. Lie flat and hold still as each scan is done. Each scan takes about 1 hour.

**Part 2:**

About 3 hours later, you will have a scan of your whole body. You lie on a table during the scan. This takes about 1 hour.

## परीक्षण अवधिमा

**भाग 1:**

तपाईंको पाखुरोको नसामा एक IV (इन्ट्राभीनस्) लगाइनेछ। ट्रेसर तपाईंको IV मार्फत दिइने छ। तपाईंको परीक्षणको कारणको आधारमा, तपाईंको स्क्यान ट्रेसर दिइनेबित्तिकै गरिने छ, वा स्क्यान गरिनुअघि करिब 3 घण्टा प्रतीक्षा गर्नु पर्ने हुन सक्दछ।

स्क्यानको दौरान तपाईं टेबलमा सुतेको अवस्थामा रहनुहुने छ, र यसमा करिब एक घण्टा लाग्नेछ। प्रत्येक स्क्यान गरिँदा उत्तानो सुत्नुहोस् र नहल्लिनुहोस्। प्रत्येक स्क्यानमा करिब 1 घण्टा समय लाग्दछ।

**भाग 2:**

करिब 3 घण्टापछि, तपाईंको पूरा शरीरको स्क्यान गरिने छ। स्क्यानको दौरान तपाईं टेबलमा सुतिरहनु हुनेछ। यसमा करिब 1 घण्टा लाग्नेछ।

## After the Test

- Drink plenty of water or other liquids the day of and the day after your test. This helps your body clear out the tracer medicine.
- The radioactivity is gone from your body after 2 to 3 days.
- Test results are sent to your doctor. Your doctor will share the results with you.

**Talk to your doctor or nurse if you have any questions or concerns.**

## परीक्षणपछि

- तपाईंको परीक्षणको दिन र भोलिपल्ट पर्याप्त पानी वा अन्य द्रव्य पिउनुहोस्। यसले तपाईंको शरीरबाट ट्रेसर औषधि बाहिर निकाल्नमा मद्दत गर्नेछ।
- तपाईंको शरीरबाट रेडियोएक्टिभिटी 2 देखि 3 दिनपछि समाप्त हुनेछ।
- परीक्षणका नतिजाहरू चिकित्सकलाई पठाइन्छ। तपाईंको चिकित्सकले तपाईंसँग नतिजाहरू साझा गर्नुहुनेछ।

**तपाईंसित कुनै प्रश्नहरू वा चिन्ताहरू छन् भने, तपाईंको डक्टर वा नर्ससित यसबारे कुरा गर्नुहोस्।**

© 2005 - January 29, 2021, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.